# जैमिनि नगरपालिका

# दैवि तथा प्राकृतिक विपत ब्यवस्थापन कोष संचालन सम्बन्धि कार्यविधि, २०७६

जैमिनि नगरकार्यपालिकाको बैठकवाट स्वीकृत मिति २०७६।१।१६

**प्रस्तावना**

जैमिनि नगरपालिकामा आइपर्ने दैवी तथा प्राकृतिक विपतको ब्यवस्थापनलाई थप प्रभावकारी र ब्यवस्थित बनाउने उद्देश्यले जैमिनि नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ३ बमोजिम जैमिनि नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**प्रारम्भिक**

### १. संक्षिप्त नाम र प्रारम्भः

(१)यस कार्यविधिलाई जैमिनि नगरपालिकाको "दैवि तथा प्राकृतिक विपत ब्यवस्थापन कोष संचालन सम्बन्धि कार्यविधि, २०७६" भनिने छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

### २ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "नगर सभा" भन्नाले जैमिनि नगरपालिकाको नगरसभालाई सम्झनु पर्नेछ ।

(ख) "कार्यपालिका" भन्नाले जैमिनि नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्नेछ ।

(ग) "प्रमुख" भन्नाले जैमिनि नगरपालिकाका नगर प्रमुखलाई सम्झनु पर्नेछ ।

(घ) "उपप्रमुख" भन्नाले जैमिनि नगरपालिकाका उपप्रमुखलाई सम्झनु पर्नेछ ।

(ङ) "प्रमूख प्रशासकीय अधिकृत" भन्नाले जैमिनि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्ने छ ।

(च) "वडा अध्यक्ष" भन्नाले जैमिनि नगरपालिका भित्रका आआफ्नो वडाका वडा अध्यक्षहरुलाई सम्झनु पर्नेछ ।

(छ) "नगरपालिका" भन्नाले जैमिनि नगरपालिकालाई सम्झनु पर्दछ ।

ज) "समिति" भन्नाले दफा ४ वमोजिमको समितिलाई सम्झनु पर्दछ ।

झ) "विपत" भन्नाल् दैवी तथा प्राकृतिक कारण जस्तै हावाहुरी, बाढी, पहिरो, आगजनी, भुकम्प, दुर्घटना वा यस्तै प्रकृतिका मानव नियन्त्रण बाहिरका कारणवाट नगरपालिका क्षेत्रमा ठूलो जनधनको क्षति भएको अवस्थालाई सम्झनु पर्दछ ।

ञ) “कोष” भन्नाले दफा ३ बमोजिमको जैमिनि नगरपालिकाको दैवी तथा प्राकृतिक विपत्ती कोषलाई सम्झनु पर्नेछ ।

**३. दैवी तथा प्राकृतिक विपत ब्यवस्थापन कोष रहने**

१) नगरपालिकामा दैवी तथा प्राकृतिक विपत ब्यवस्थापनका लागि दैवी तथा प्राकृतिक विपत कोषको स्थापना गरिनेछ ।

क) कोषमा नगर सभाले विनियोजन गरेको रकम, नगरसभावाट विपत ब्यवस्थापनका लागि वार्षिक नीति तथा कार्यक्रममा समावेश योजनाहरुमा विनियोजित गरेको मध्ये आर्थिक वर्षको अन्त्य सम्ममा खर्च नभइ वचत हुन गएको रकम र विभिन्न वैदेशिक तथा स्वदेशी निकाय वा संघ संगठन वा ब्यक्ति वा समुहवाट गरिएको सहयोग, चन्दा वा दानवाट प्राप्त हुने रकम जम्मा गरिनेछ ।

ख) कोषको खाता नगरपालिका क्षेत्रमा सरकारी।अर्धसरकारी बैंक रहेमा उक्त वैंकमा र सरकारी वैंक नरहेको अवस्थामा कोष परिचालन समितिको निर्णयानुसार निजि वैंकमा राखिने छ ।

ग) कोषको खाता नंवर नगरपालिकाको वेवसाइटमा, सूचना पाटीमा वा सार्वजनिक संचार माध्यमवाट प्रचार प्रसार गरी सवैलाई जानकारी गराउने ब्यवस्था समितिले मिलानु पर्नेछ ।

घ) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत वा कोष परिचालन समितिवाट निर्णय गरी लेखा हेर्ने खटिएको नगरपालिकाको कर्मचारीको संयुक्त दस्तखतवाट संचालन हुनेछ ।

ङ) कोषको रकम खर्च भए नभएको विस्तृत प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले नगरसभामा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

च) खर्चको लेखापरीक्षण आर्थिक ऐन नियम अनुसार नगरपालिकाले गराउनु पर्नेछ ।

२) कोषको हिसाव नगर सभामा पेश गरिने छ तर नगरपालिकाको वार्षिक कार्यक्रममा कोषको रकम विनियोजन गर्नका लागि कार्यपालिकावाट पेश गरिने छैन ।

**४. कोष परिचालन समिति रहने**

दैवी तथा प्राकृतिक विपत्ती कोषको परिचालनका लागि देहायको कोष परिचालन समिति रहने छ :

| | |
|---|---|
| १. नगर प्रमुख | अध्यक्ष |
| २. नगर उपप्रमुख | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिककृत | सदस्य |
| ४. कार्यपालिकाको वातावरण तथा विपत समिति संयोजक | सदस्य |
| ४. सम्बन्धित वडाअध्यक्ष(हरु) | सदस्य |
| ५. नगरपालिकास्थित सुरक्षा निकाय(हरु) प्रमुख | सदस्य |
| ६. विपत ब्यवस्थापन हेर्ने शाखा प्रमुख | सदस्य सचिव |

**५) कोष परिचालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) कोषको खाता संचालन गर्ने ।

ख) कोषको खातामा रहेको रकम यकिन गरी अद्याविधक विवरण तयार गर्ने ।

ग) दैवी तथा प्राकृतिक विपत्ती परेको स्थानमा अनुगमन गरी क्षतिको विवरण संकलन गर्ने ।

घ) दैवी तथा प्राकृतिक विपत्ती परेका नगरवासीले निवेदन गरेमा क्षतिपूर्ति रकम तय गरी सो रकम वा अन्य उपयोगी वस्तु वा सरसामान खरिद गरी दिने भन्ने सम्बन्धमा निर्णय गर्ने ।

ङ) नगरपालिकामा आइपरेको दैवी तथा प्राकृतिक विपत्तिको माशिक तथा वार्षिक अद्यावधिक विवरण र कोषवाट प्रदान गरेको सहयोगको अद्यावधिक फेहरिस्त तयार गर्ने ।

च) कोषवाट सम्बोधन हुन नसक्ने विपत्तिको सम्बन्धमा नगरपालिकालाई जानकारी गराई नगरपालिकासंग समन्वय गर्ने ।

छ) कोषवृध्दिका लागि आवस्यक कार्यहरु गर्ने ।

ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

६) समितिले नगर सभा र कार्यपालिकाको निर्णय वा निर्देशन पालना गर्नु पर्नेछ ।

७) समितिको वैठक अध्यक्षले बोलाउनेछ । सम्पूर्ण सदस्यको एक तिहाइ सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने छ ।

८) उपस्थित सदस्यको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

९) कोषले यस कार्यविधिको अधिनमा रही दैवी तथा प्राकृतिक विपत्ती सम्बन्धी अन्य कार्यविधि आफै स्वीकृत गरी नगरपालिकावाट अनुमोदन गराउनु पर्नेछ ।

१०) कार्यविधि संशोधन गर्न आवस्यक परेमा समितले प्रस्ताव तयार गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ ।